नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मन्थली, रामेछाप

०४८-५४०३३३
०४८-५४०५०१
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३

पत्र संख्याः- ०७७/०७८

चलानी नं.:-

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

## अत्यन्त जरुरी सूचना !

**मिति २०७८ बैशाख १० गते बसेको जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) रामेछापको बैठकबाट देहाय बमोजिम भएको निर्णय हरु कार्यान्वयनका लागि सम्बन्धित सबैमा अनुरोध छ ।**

नेपाल सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी आदेश तथा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०१/०६ को निर्णयानुसार कोभिड-१९ रोकथाम, नियन्त्रण, उपचार र निगरानीको लागि निम्नानुसारको व्यवस्था मिलाउने।

१. जिल्ला स्थित सम्पूर्ण स्थानीय तहहरुले यस अघि स्थापना गरिएका क्वारेन्टिन, आइसोलेसन सेन्टर लगायतका स्थानहरुलाई पुनः सञ्चालनमा ल्याउने, प्रत्येक स्थानीय तहहरुमा मापदण्ड पालना गरेको कम्तिमा १/१ क्वारेन्टिन तयारी अवस्थामा राख्न अनुरोध गर्ने,

२. विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा कार्यक्रमलाई जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

३. मानिस भेला हुने कार्यक्रम, जुलुस, आमसभा, कुनै पनि प्रकृतिको खेलकुद कार्यक्रम, मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रमहरु मिति २०७८/०१/१० गतेबाटै बैशाख मसान्तसम्म बन्द गर्ने ।

४. जिल्लाका प्रमुख धार्मिक तिर्थस्थल मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद आदीहरुमा मिति २०७८/०१/१० गते देखि जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्राथना मात्र गर्ने/गराउने ।

५. एक पटकमा २५ जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दूरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सपिङ्ग महल, डिपार्टमेन्टल स्टोर सञ्चालन गर्ने । जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालनको हुने ।

६. होटल तथा रेष्टुरेण्टहरु विहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

७. विवाह, ब्रतबन्ध लगायत धार्मिक कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य मापदण्ड पालना गरी २५ जना भन्दा बढी व्यक्तिलाई सामेल गर्न नपाइने ।

८. कार्यालयका बार्षिक कार्यक्रमलाई सम्पादन गर्न सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, तालिम, प्रशिक्षण, घुम्ती शिविर जस्ता क्रियाकलापहरु सञ्चालन नगर्ने, गर्नु पर्ने भएमा भर्चुअल रुपमा सञ्चालन गर्ने तथा भर्चुअल रुपमा सम्भावना नभए भौतिक रुपमा उपस्थित भई कार्यक्रम गर्नु नै पर्ने भए २५ जना भित्र सिमित रहि सञ्चालन गर्ने ।

९. रामेछाप जिल्ला प्रवेश गर्ने मुख्य नाकाहरुमा स्वास्थ्य कार्यालयको समन्वयमा सम्बन्धित स्थानीय तहहरुले हेल्थ डेक्सको स्थापना गरी स्वास्थ जाँच र अभिलेख राख्ने व्यवस्था मिलाउने ।

१०. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि स्थानीय तहले देहाय बमोजिम गर्ने/गराउने व्यवस्था मिलाउने।

क) १५ वेडसम्म क्षमता भएका सरकारी, सामुदायिक, गैरसरकारी र निजी अस्पतालसँग संक्रमितको उपचारका लागि सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भुक्तानीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने ।

ख) होम क्वारेन्टिन र होम आइसोलेनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाँच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी त्यस्तो संस्थासम्म पुऱ्याउने काममा सहजीकरण गर्ने ।

ग) कोभिड-१९ को चिन्ह तथा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा नेगेटिभ आएका व्यक्तिको पी.सी.आर. परीक्षण गर्ने, नतिजा पोजेटिभ आएमा व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।

घ) आवश्यकता अनुसार आफ्नो स्थानीय तह भित्र स्वाव संकलन गर्नु पर्ने अवस्था आएमा सोको व्यवस्था मिलाउने ।

ङ) स्थानीय तहले आफू अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यकता अनुसार स्वयं सेवक परिचालन गर्ने ।

च) स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने ।

छ) क्वारेन्टिन, आइसोलेसन, केश इन्भेष्टिगेसन, कन्ट्याक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षण लगायत अत्यावश्यक सामाग्री खरिद तथा जनशक्ति परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने ।

११. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्नेः

क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।

ख) सबै यात्रुहरुलाई मास्क अनिवार्य गरी सवारी साधनको ढोकामा र भित्र समेत स्यानीटाइजरको व्यवस्था गर्नु पर्ने ।

ग) चालक र सह-चालकले मास्क र भाइजर लगाउने ।

घ) सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्ने ।

ङ) सार्वजनिक यातायातमा कुनै पनि यात्रुले मास्क नलगाई आएमा चालक वा सह-चालकले बढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने ।

१२. आन्तरिक हवाई उडान गर्दा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने ।

१३. नेपाल सरकारबाट भएको आदेशको परिपालना नभएको अनुगमनको क्रममा फेला पारेमा संक्रामण ऐन, २०२० बमोजिम कार्वाही हुने ।

१४. कोभिड-१९ संकटको घडीमा सहयोग र समन्वयका लागि सबै महानुभावहरुलाई आव्हान गर्ने ।

१५. कोभिड-१९ को रोकथाम, उपचार र निगरानीका लागि सर्वसाधारण नागरिकहरुले देहाय बमोजिमका कुरालाई पालना गर्नु पर्ने।

क) जनस्वास्थ्यका मापदण्डलाई पूर्ण पालना गर्ने ।

ख) घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका मास्कको राम्रो र सुरक्षित स्थानमा विसर्जन गर्ने।

ग) विदेशबाट नेपाल आई जिल्ला प्रवेश गरेको व्यक्ति १० दिनसम्म अनिवार्य होम क्वारेन्टिनमा बस्नु पर्ने ।

घ) ६० वर्ष माथिका नागरिक, दिर्घरोगी भएका व्यक्तिलाई सकेसम्म घर बाहिर तथा भिडभाडमा नजान अनुरोध गर्ने ।

१६. विद्यालय तथा शैक्षिक संस्थाहरु जनस्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्ड पालना गर्ने/गराउने । सोको अनुगमन शिक्षा विकास तथा समन्वय इकाईले गर्ने ।

१७. सार्वजनिक निकायहरुमा सेवा लिन आउने सेवाग्राहीहरुको यात्रा विवरण अभिलेख राख्ने ।

१८. कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी जनचेतनामूलक सूचना सन्देश सबै पालिका/निकाय, संघ/ संस्था, सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने ।

१९. यस आदेशको कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकार प्रयोग समेत गर्ने ।

२०. जिल्ला स्थित स्थानीय तहहरु, कार्यालय, संघ, संस्था एवं सरोकारवाला निकायहरुले समेत सहभागितामा **"तपाईको खोइ मास्क"** भन्ने अभियान सञ्चालन गरी मास्कको प्रयोग गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र तत् पश्चाता पनि मास्कको प्रयोग नगरेको पाइएमा प्रचलित कानून बमोजिम कार्वाही गर्ने ।

२१. स्थानीय सञ्चार माध्यमहरुलाई सचेतनामुलक कार्यक्रमहरु दैनिक रुपमा प्रसारण गर्न अनुरोध गर्ने ।

०७८।१।१०

मितिः- १० बैशाख, २०७८

गौलोचन सैंजू
प्रमुख जिल्ला अधिकारी